# श्री पदमपुर सामुदायिक वन उपभोक्ता समुह
## बवई ४ र ५ दाङ

## काठ लिलाम सम्बन्धी सुचना ।

ज्ञानेन्द्र बहादुर खड्का

**पहिलो पटका प्रकाशित मिति - २०८१/०४/०९ (सौर्य दैनिक)**

यस सामुदायिक बनको स्वीकृत कार्ययोजना अनुसार डिभिजन बन कार्यालयबाट सकलन सहमती लिई सकलन गरेको काठ [illegible] समुहको कार्यालय परिसरको घाटगद्दीमा रहेका निम्न परिमाणको काठ दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने भएकोले यो सुचना प्रकाशन गरिएको छ । काठ दाउराको कारोबार गर्ने उद्देश्यले स्थायी लेखा नम्बर (PAN) र मुल्यअभिवृद्धि कर (VAT) मा दर्ता भएका व्यक्ति वा फर्मले यो सुचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिन भित्र दाखिला गर्न आव्हान गरिन्छ ।

लिलाम हुने बन पैदावारको विवरण

| सि.नं. | जात | लट नं | ग्रेड | गो थान | परिमाण घन फिट | न्युनतम दर रेट प्रति इकाइ | घाड नं | कटान मुछान खर्च |
|---|---|---|---|---|---|---|---|---|
| १ | साल | १ | A | ११ | १२५.९० | १२५०।- | घाड नं.५,६,७ र ८ C2S6 सब कम्पार्टमेण्ट | काठ प्रति क्यू.फि.रु. १७५।- |
| | | | B | ३७ | २९३.१४ | ९००।- | | |
| | | | C | १९३ | ६७६.१० | ६००।- | | |
| | | | D | २० | ३८.४८ | ३००।- | | |
| २ | साल | २ | A | १३ | १५४.८६ | १२५०।- | घाड नं.९,१०,११ र १२ C2S6 सब कम्पार्टमेण्ट | काठ प्रति क्यू.फि.रु. १७५।- |
| | | | B | ३९ | ३२४.८३ | ९००।- | | |
| | | | C | १८० | ६८७.५२ | ६००।- | | |
| | | | D | ५२ | ९५.३७ | ३००।- | | |
| ३ | साल | ३ | A | ४ | ५१.९३ | १२५०।- | घाड नं.१३,१४,१५,१६ र १७ C2S6 सब कम्पार्टमेण्ट | काठ प्रति क्यू.फि.रु. १७५।- |
| | | | B | ३७ | २५९.३० | ९००।- | | |
| | | | C | १६० | ४५८.०२ | ६००।- | | |
| | | | D | १२६ | २२०.१८ | ३००।- | | |
| ४ | साल | ४ | A | १३ | १८५.५४ | १२५०।- | घाड नं.१ र २ फाएर लाईन | काठ प्रति क्यू.फि.रु. १७५।- |
| | | | B | २९ | २४४.७२ | ९००।- | | |
| | | | C | १२७ | ४८५.१४ | ६००।- | | |
| | | | D | ३५ | ५३.९२ | ३००।- | | |
| ५ | असना | ५ | – | – | – | – | घाड नं.१८ र दाउरा C2S6 सब कम्पार्टमेण्ट | काठ प्रति क्यू.फि.रु. १६६।- दाउरा प्रति चट्टा रु. १३०००।- |
| | | | B | ७ | ४५.८९ | ३००।- | | |
| | | | C | ११ | ३६.४७ | १००।- | | |
| | | | – | – | – | – | | |
| ६ | साल दाउरा २५.०० चट्टा मात्र । | | | | | १२०००।- | | |

१. बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय २०८१/०४/२९ गते कार्यालय समय भित्र । (बिदा परे सो को भोलि पल्ट)

२. बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय २०८१/०४/३० गते कार्यालय समय भित्र । (बिदा परे सो को भोलि पल्ट)

३. बोलपत्र खरिद र दाखिला गर्न सक्ने स्थानहरु -

**(क) समुहको कार्यालय । (ख) डिभिजन बन कार्यालय घोराही दाङ ।**

४. बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम यस सामुदायिक बनको नाममा रहेको माईन रेसुङ्गा बैंक हापुरे शाखा दाङमा रहेको खाता न. ०६३००१००३१९३५४००००००१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्ने छ ।

५. प्रति बोलपत्र प्रति लट बापत रु.१०००।- (पछि फिर्ता नहुने) लाग्ने छ र सो रकम पनि उपरोक्त बैंक खातामा जम्मा गरेको भौचर पेश गरे पछि मात्र पाईने छ ।

६. लिलाम हुने बन पैदावार बबई ५ स्थित समुहको कार्यालय परिसरमा रहेको घाटगद्दीमा स्थलगत रुपमा हेर्न सकिने छ ।

७. रितपूर्वक र न्युनतम सख्याको बोलपत्र पेश भएमा मिति २०८१/०४/३१ गते दिउसो ३.०० बजे समितिका पदाधिकारी, बन कर्मचारी, खरिदकर्ता प्रतिनिधि (उपस्थित भए पनि नभए पनि) र अन्य व्यक्तिहरुको रोहवरमा समुहको कार्यालयमा खोलिने छ ।

८. लिलाममा भाग लिन चाहने व्यक्ति वा फर्मले नागरिकता, कर चुक्ताको प्रमाण पत्र, उद्योग दर्ता, मुल्य अभिबृद्धि कर (VAT) मा दर्ता को प्रमाण पत्र, र स्थायी लेखा नम्बर (PAN) र डिभिजन बन कार्यालयमा सुचिकृत भएको प्रमाण पत्रको प्रतिलिपिहरु बोलपत्र साथ पेश गर्नु पर्ने छ ।

९. सकार रकम अक र अक्षरमा लेख्नु पर्ने छ । अक र अक्षरमा फरक पाईएमा अक्षरलाई मान्यता दिईने छ ।

१०. बोलपत्र सदर वा बदर गर्ने अधिकार यस सामुदायिक बन उपभोक्ता समुहलाई निहित रहने छ ।

११. लिलाम स्वीकृत भएको जानाकारी पाएको १० (दश) दिन भित्र सकार गरेको मुल्य, मु.अ.कर र नियमानुसार लाग्ने अन्य कर र कटान मुछान खर्च बुझाई लिलाम भएको बन पैदावार तोकिएको समयभित्र प्रक्रिया पुरा गरी लैजानु पर्ने छ ।

१२. थप जानाकारीको लागि यस समुहको कार्यालयमा सम्पर्क गर्नु होला ।

१३. लट अनुसार छुटटाछुटटै बोलपत्र पेश गर्नु पर्ने छ ।

१४. अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुने छ ।

CS CamScanner